उ.न. ०१०/२०७३/१०/११

# नेपाल बार एशोसिएशन र सर्वोच्च अदालत बार एशोसिएशनद्वारा सम्मानित श्री सर्वोच्च अदालतसमक्ष प्रस्तुत गरिएको संयुक्त स्मरण पत्र ।

१. हालै उच्च अदालतको न्यायाधीशको नियुक्तिको सिफारिस गर्दाको अवस्थामा बरिष्ठतम् न्यायाधीश श्री वैद्यनाथ उपाध्यायज्यू र नेपाल बार एशोसिएशनको प्रतिनिधि न्यायपरिषद् सदस्य श्री रामप्रसाद सिटौलाज्यूको अनुपस्थितिमा उक्त कार्य भएकोमा विवाद छैन । यसरी संविधानले परिकल्पना गरेको न्यायपरिषद्ले अल्पमत र बहुमतको निर्णय नभई उपस्थिति र अनुपस्थितिले विशेष सार्थकता राख्दछ । उक्त सिफारिसको निर्णय संविधानसम्मत नभएको, न्यायाधीशको छनोटको मापदण्ड पारदर्शी नरहेको, न्यायपरिषद् ऐन २०७३ को दफा ५ (१) को प्रत्यक्ष उल्लंघन भएको, समानुपातिक समावेशी नभएको, परिषद्का अध्यक्षद्वारा सार्वजनिक प्रतिवद्धता अनुरूप काम नभएको, कानून व्यवसायीलाई न्यूनतम् ५०% नियुक्ति सिफारिसको माग राखिएकोमा वेवास्ता गरिएको हुँदा यस सम्बन्धमा न्यायपरिषद्को धारणा सार्वजनिक गर्न सम्माननीय प्रधानन्यायाधीशमार्फत स्मरण गराउँदछौं ।

२. नेपाल बार एशोसिएशन र सर्वोच्च अदालत बार एशोसिएशनले यस अघि विभिन्न समयमा लिखित तथा मौखिक रूपमा उठाएका आफ्ना समस्याहरूप्रति सम्मानित सर्वोच्च अदालत उदाशीन रहेकोले गम्भीर ध्यानाकर्षण गराउन यो स्मरणपत्र जारी गरिएको छ ।

३. अदालतको मुद्दा व्यवस्थापन सम्बन्धमा अदालत र बार बीच पहिले गरिएको नियमित बैठकलाई उपेक्षा गरी लामो समयदेखि बार अदालत बीच बैठक बस्न नसकेको, पुराना तथा प्राथमिकतामा पर्ने मुद्दालाई प्राथमिकता नदिई नयाँ मुद्दाहरूले प्राथमिकता पाउँदै आएको कारण यसबाट सेवाग्राहीलाई पूर्णतय अन्याय पर्न गएकोले उचित पेशी व्यवस्थापन गर्नका लागि प्राथमिकता प्रदान गरियोस् ।

४. २०७२/०१/१२ गते आएको विनाशकारी भूकम्प अधिसम्म कानून व्यवसायीहरूको सवारी साधन सर्वोच्च अदालतको परिसरभित्र प्रवेश पाउँदै आएकोमा हाल सो समेतमा रोक लगाई कानून व्यवसायीहरूलाई अप्ठ्यारो परेकोले सवारी साधन प्रवेश गर्ने विषयमा पुनः स्मरण गराइएको र काठमाडौं जिल्ला अदालतको भूमिगत पार्किङ स्थलमा पर्याप्त ठाउँ हुँदाहुँदै पनि कानून व्यवसायीको सवारी साधनलाई निषेध गरिएबाट कानून व्यवसायीलाई पर्न गएको असरका सम्बन्धमा तत्काल सम्बोधन गरियोस् ।

५. अदालतले कानून व्यवसायीहरूको बहसलाई अभिलेखिकरण Voice record पद्दतीको व्यवस्था गर्दा कानून व्यवसायीहरू पेशाप्रति जवाफदेही र जिम्मेवार बनाउने कार्यमा सहयोग पुग्ने हुँदा यसतर्फ तत्कालै कार्य प्रारम्भ गरियोस् ।

६. लामोसमयदेखि संवैधानिक इजलासको गठन नभएको र संवैधानिक इजलासबाट हुनुपर्ने आदेश तथा फैसला संयुक्त इजलासबाट हुँदै आएकोले तत्काल संवैधानिक इजलास गठन गर्न सर्वोच्च अदालतको ध्यानाकर्षण गराउँदछौं ।

७. हाल सर्वोच्च अदालतबाट प्रदान गरिने बरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्दा नेपाल बार एशोसिएशन र सर्वोच्च अदालत बार एशोसिएशनसँग परामर्श गरी लामो समयदेखि ठप्प रहेको बरिष्ठ अधिवक्ताको उपाधी प्रदान गरियोस् ।

८. सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीश पदमा आसिन रहनु भएका न्यायाधीशको उमेर विवाद यत्रतत्र जताततै छताबुल्ल बाहिर आउनु न्यायपालिकाप्रतिको जनआस्था तथा गरिमाप्रति समेत आँच पुग्न गएकोमा यथाशिघ्र न्यायपरिषद् निर्णयमा पुग्नका लागि आग्रह गर्दछौं ।

९. सर्वोच्च अदालत तथा अन्य तहका अदालतमा वैतनिक कानून व्यवसायीको नियुक्तिको सिफारिश समितिमा तत् तत् बार एशोसिएशनका प्रतिनिधि अनिवार्य राखिनु पर्ने ।

१०. विभिन्न तहका अदालतबाट जारी गरिएका टेम्प्लेट स्वयं अदालतबाटै दुरुपयोग भइरहेको भन्ने जनगुनासो आइरहेको सम्बन्धमा नेबाएले उक्त टेम्प्लेटलाई खारेज गरिनुपर्छ भनी पहिलेदेखि नै माग सहितको जानकारी गराइसकिएकोमा हालसम्म अनिर्णित रहेकोले तुरुन्त निर्णय गरी कार्यान्वयन गरियोस् ।

११. अदालतमा गैरसरकारी संस्था **(NGO)**, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था **(INGO)** र संयुक्त राष्ट्रसंघीय कार्यक्रम **(UNDP)** का आफ्नै उद्देश्य अनुसारका कार्यक्रमहरूले प्राथमिकता पाएका कारण अदालतको दैनिक तथा नियमित जिम्मेवारीमा रहेको मुद्दा व्यवस्थापन लगायत अन्य प्रमुख काममा समेत अवरोध हुन गएकाले यसतर्फ अदालतको विशेष ध्यानाकर्षण गराउन चाहन्छौं ।

१२. नेपाल बार एशोसिएशन र अदालत एक अर्काका परिपूरक भएकोले अदालत र बार बीच देखिएका समस्यालाई वार्ता छलफल र सम्बादको माध्यमबाट निष्कर्षमा पुगी दुवैतर्फबाट भए गरेका कमी कमजोरीलाई पुनरावलोकन गरी संविधान, ऐन कानुन र कार्यविधिको समेत परिपालना गर्ने प्रतिवद्धता जाहेर गरी उल्लेखित समस्याहरूका सम्बन्धमा नेपाल बार एशोसिएशन र सर्वोच्च अदालत बार एशोसिएशनको प्रतिनिधि सहितको समिति र सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यू सहितको समितिको संयुक्त बैठक बसी तीन दिनभित्र समस्याको समाधान होस् भन्ने ब्यहोराको स्मरण गराउन चाहन्छौं । यस सम्बन्धमा अदालत गम्भीर नभएमा वा बारको अस्तित्व स्वीकार नगरेमा तत् पश्चात बारबाट चालिने जुनसुकै कदमको जिम्मेवार स्वयं सर्वोच्च अदालत हुने ब्यहोरा जानकारी गराइन्छ ।

अधिवक्ता विष्णु लुइटेल

सचिव

सर्वोच्च अदालत बार एशोसिएशन

अधिवक्ता खम्मबहादुर खाती

महासचिव

नेपाल बार एशोसिएशन ।

मिति २०७३/१०/११